# नयाँ संविधानमा समावेश गरिनु पर्ने आर्थिक अधिकारको स्वतन्त्रता

## ”नयां संविधानमा निजी क्षेत्रको सुझाव”

नेपाल उद्योग वाणिज्य महासंघ
काठमाडौं, नेपाल

---

[द्रष्टव्य: नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण सभामा छलफल भई अनुमोदित एवं संविधान सभाको संवैधानिक समिति लगायत अन्य समितिमा प्रस्तुत सुझाव ।]

## विषय सूचि


१. विषय प्रवेश ---------------------------------------------------------------- १
२. आर्थिक रुपमा स्वतन्त्र समाज -------------------------------------------------- २
  क) विधिको शासन ---------------------------------------------------------- २
  ख) सम्पत्तिको अधिकार ---------------------------------------------------- २
  ग) खुला बजार ------------------------------------------------------------- ३
  घ) वस्तु, सेवा तथा लगानीको सुरक्षा ------------------------------------------ ३
  ङ) भ्रष्टाचार मुक्त राज्य प्रशासन --------------------------------------------- ३
  च) आर्थिक अधिकारको संरक्षण ----------------------------------------------- ३
३. आर्थिक अधिकारको स्वतन्त्रता ------------------------------------------------ ३
४ आर्थिक स्वतन्त्रताका पूर्वाधारहरू ------------------------------------------------ ४
५. निजी क्षेत्र र आर्थिक अधिकारहरू ---------------------------------------------- ५
६. संवैधानिक अभ्यास र प्रत्याभूति ------------------------------------------------- ७
  अफ्गानिस्तान ------------------------------------------------------------ ७
  अल्वानिया -------------------------------------------------------------- ८
  अल्जेरिया --------------------------------------------------------------- ८
  एण्डोरा ---------------------------------------------------------------- ८
  केप भर्ड ---------------------------------------------------------------- ८
  कंगो ------------------------------------------------------------------ ८
  क्रोसिया ---------------------------------------------------------------- ८
  चिली ------------------------------------------------------------------ ८
  पूर्वी टिमोर -------------------------------------------------------------- ९
  इष्टोनिया --------------------------------------------------------------- ९
  इटाली ----------------------------------------------------------------- ९
  केन्या ------------------------------------------------------------------ ९
  लिथुआनिया -------------------------------------------------------------- ९
  मालवी ----------------------------------------------------------------- ९
  माली ------------------------------------------------------------------ ९
  ओसिनिया -------------------------------------------------------------- १०
  पारुग्वे ----------------------------------------------------------------- ११
  सुरैनेम ----------------------------------------------------------------- ११
७. नेपालको संवैधानिक विकासमा आर्थिक अधिकार ------------------------------------ ११
  नेपाल सरकार वैधानिक कानून २००४ ------------------------------------------ ११
  नेपालको अन्तरिम शासन विधान २००७ ----------------------------------------- ११
  नेपाल अधिराज्यको संविधान २०१५ ------------------------------------------- १२
  नेपालको संविधान २०१९ --------------------------------------------------: १२
  नेपाल अधिराज्यको संविधान २०४७ ------------------------------------------- १३
  नेपालको अन्तरिम संविधान २०६३: ------------------------------------------- १३
८. निष्कर्ष ------------------------------------------------------------------ १३

## १. विषय प्रवेश

न्याय राज्यको पहिलो गुण (virtue) हो । आधुनिक राज्यहरुको पहिलो अभिष्ट न्यायोचित समाज (just society) को स्थापना गर्नु हो । न्यायका धेरै अन्तरवस्तु र आयाम हुने हुँदा कति र कस्ता अन्तरवस्तु वा आयामहरु राज्यका प्राथमिकताका विषय हुने भन्ने वारेमा भने मानिसहरु बीच एकमत छैन । तथापी, एउटा नागरिकका आधारभूत सरोकारको कुरा गर्दा राजनीतिक, सामाजिक र आर्थिक न्याय अग्र स्थानमा आउने विषय हुन् । एउटा सभ्य, सम्मृद्ध र सम्पन्न राज्य निर्माणका लागि राजनीतिक स्वतन्त्रताको न्याय मात्र पर्याप्त नहुने विश्व अभ्यास र स्वयं हाम्रो अनुभवले सिकाएको पाठ हो । अत: राज्यको नयाँ संविधान निर्माण गर्ने प्रक्रियामा राजनीतिक न्यायका साथसाथै आर्थिक तथा सामाजिक न्यायका विषयमा गंभीर छलफल र विचार विमर्श हुन आवश्यक हुन्छ ।[१]

आर्थिक न्याय आर्थिक अधिकार तथा स्वतन्त्रताको विषय हो ।[२] यो अधिकारलाई व्यक्तिको आफ्नो सम्पत्ति तथा श्रम माथिको मौलिक हकको रुपमा लिइन्छ । यो अधिकारको प्रत्याभूतीले व्यक्ति तथा उसको परिवारलाई सरकार माथिको निर्भरताबाट मुक्त राख्न र आफ्नो श्रम, सम्पत्ति तथा उत्पादन माथि निर्भर हुन सहयोग पुर्‍याउँछ । जसबाट एउटा आर्थिक रुपमा स्वतन्त्र (आत्म निर्भर) समाज (economically free society) स्थापना गर्न मद्दत पुग्दछ ।

समुन्नत राज्य निर्माणका लागि आर्थिक स्वतन्त्रता अपरिहार्य विषय हो । आर्थिक स्वतन्त्रता खुला बजार र उदारमुखी अर्थतन्त्रको अनिवार्य शर्त हो । कुनै अवरोध, छलछाम वा ठगी विना सम्पत्ति आर्जन गर्न, उपभोग गर्न वा कुनै प्रकारको व्यवसाय वा रोजगार गर्न पाउने जस्ता स्वतन्त्रता आर्थिक स्वतन्त्रताका विषय हुन् । अर्को शब्दमा भन्दा आर्थिक न्याय प्राप्तिका लागि एउटा व्यक्तिले आर्थिक अन्तरवस्तुहरु को निर्वाध रुपमा छनोट र त्यसको उपभोग गर्न पाउने अधिकार यस सन्दर्भमा प्रत्याभूत गरिएको हुन्छ । यसमा पूँजी संचालन गर्ने व्यक्ति देखि श्रम र शीप खर्चिने व्यक्तिसम्मका अधिकारहरु समावेश भएका हुन्छन् ।

आर्थिक स्वतन्त्रताको अवधारणा बिनाको लोकतन्त्र राजनीतिक भाषणमा सिमित लोकतन्त्र हुने हुँदा समग्र विकासका लागि नयाँ संविधानले आर्थिक स्वतन्त्रताका अन्तरवस्तुहरूलाई संविधानको मौलिक हकमै प्रत्याभूती गरिनु पर्छ भन्ने आवाजहरु उठ्न थालेका छन् । त्यसैले आर्थिक अधिकारहरुको संवैधानिक प्रत्याभूती नयाँ संविधानहरुका एक प्रकारका विशेषता हुन्, जसको संरक्षणमा राज्य प्रतिवद्ध हुन आवश्यक छ ।

विधिको शासन, सम्पत्तिको अधिकार, सम्झौताको स्वतन्त्रता, आन्तरिक र वाह्य खुला बजार, आर्थिक परिचालन, भ्रष्टाचार तथा राजनैतिक हिंसाको अन्त्य जस्ता तत्वहरू आर्थिक स्वतन्त्रतासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गाँसिएका विषय हुन् ।

---

[1] प्रस्तुत अध्ययन आर्थिक अधिकार र स्वतन्त्रताहरुको वारेमा सिमित रहेकोले यसमा सामाजिक र राजनीतिक न्यायका वारेमा चर्चा गरिएको छैन ।

[2] विधिशास्त्रीय रुपमा अधिकार र स्वतन्त्रताको बीचमा भिन्नता रहेको भए पनि प्रस्तुत अध्ययनमा आर्थिक न्यायसँग जोडिएका अधिकार तथा स्वतन्त्रतालाई एउटै अर्थमा प्रयोग गरिएको छ ।

२. आर्थिक रुपमा स्वतन्त्र समाज

आर्थिक न्याय तथा स्वतन्त्रताको मुख्य अभिष्ट आर्थिक रुपमा स्वतन्त्र समाजको स्थापना गर्नु हो । त्यस्तो समाज जहा नागरिकहरु आफूले रोजेको रोजगार पेशा, व्यवसाय तथा उद्योग संचालन गर्न, त्यस्तो पेशा, व्यवसाय तथा उद्योगमा लगानी गर्न र आफूले चाहेको उत्पादन गर्न स्वतन्त्र हुन्छन् । उनीहरुको त्यस्तो चाहनालाई राज्यले पूर्णत: संरक्षण प्रदान गरेको हुन्छ । र त्यस्तो समाज जहाँ राज्यले श्रम, पूँजी तथा बस्तुहरुको स्वतन्त्र परिचालन र चलायमानतालाई सम्मान र संरक्षण प्रदान गरेको हुन्छ ।

आर्थिक रुपमा खुला र स्वतन्त्र समाजको निर्माण गर्नु भनेको व्यक्तिका आर्थिक अधिकार तथा स्वतन्त्रताहरुको संरक्षण गर्नु हो । अत: राज्य व्यवस्थाको पुन: संरचना वा पुन: परिभाषा गर्दा यी सरोकारहरुलाई गंभीरता पूर्वक लिइनु पर्दछ । नब्वेको दशक भन्दा पछाडी निर्माण भएका प्रायजसो सबै संविधानहरुले आर्थिक न्याय र अधिकारको विषयलाई कुनै न कुनै रुपमा स्थान दिएको पाइन्छ । यस आधारमा पनि यो विषय राज्य व्यवस्थाको पुन: संरचना वा पुन: परिभाषासँग जोडिएको विषय हो ।

आर्थिक रुपमा स्वतन्त्र समाजका धेरै पूर्वशर्तहरु हुन सक्छन् । संविधानद्धारा प्रत्याभूत गर्नु पर्ने यस्ता केही आधारभूत शर्तहरु निम्न हुन सक्छन् :

क) विधिको शासन : स्वतन्त्र समाजको परिकल्पना कानुनी राज्यको अवधारणामा मात्र संभव हुन्छ । विधिको शासनमा आधारित लोकतान्त्रिक व्यवस्था विना आर्थिक रुपमा स्वतन्त्र समाजको परिकल्पना सम्भव छैन । अत: व्यक्तिको होईन विधिको शासनको पूर्ण प्रत्याभूती आर्थिक रुपमा स्वतन्त्र समाजको अनिवार्य पूर्व शर्त हो । यस तर्फ संविधान निर्माताहरु सचेत हुन आवश्यक छ ।

ख) सम्पत्तिको अधिकार : व्यक्तिगत सम्पत्तिको अधिकार आर्थिक स्वतन्त्रताको अभिन्न अंग हो । यस्तो व्यवस्थाले दुई प्रमुख अधिकारहरू समावेश गर्दछ :–

क) सम्पत्तिको आर्जन, उपभोग र मुनाफा आर्जन गर्न पाउने अधिकार, र

ख) कुनैपनि माध्यमद्वारा आफ्नो सम्पत्तिको परिचालन वा हस्तान्तरण गर्न पाउने अधिकार ।

अर्थशास्त्री मिल्टन फ्राइडम्यानले सम्पत्तिको अधिकारलाई मानव अधिकारहरू मध्यकै सबैभन्दा आधारभूत अधिकार भनेका छन् । यस्तो व्यवस्थाले अनिश्चितता र असुरक्षाको अन्त्य गरी बढी भन्दा बढी लगानी बढाउने वातावरण सृजना गर्न प्रेरित गर्दछ । विश्व अभ्यासलाई हेर्दा सम्पत्तिको अधिकार सम्बन्धी कमजोर कानूनी व्यवस्था भएका मुलुकहरूमा भन्दा सम्पत्तिको सुरक्षा सम्बन्धी प्रष्ट र कडा कानूनी व्यवस्था भएका मुलुकहरूमा आर्थिक उन्नति दर बढी छ । नेपालमा आर्थिक स्रोतका ठूला सम्भाव्यता हुँदा हुँदै पनि आर्थिक बृद्धिदर नगण्यप्राय: हुनुको प्रमुख कारण आर्थिक स्वतन्त्रता सम्बन्धी राज्यको स्पष्ट नीति र त्यसको कार्यान्वयनको स्पष्ट योजना नहुनु हो । आर्थिक क्रियाकलापमा संलग्न व्यक्ति वा पक्ष माथि राज्यले गर्ने व्यवहार, व्यक्तिको सम्पत्ति माथिको राज्य अतिक्रमण यस सन्दर्भका अन्य चुनौतीहरु हुन् । श्रमिक, शोषित र आय नभएका वा निम्न आय भएका व्यक्तिहरुको हित उच्च आर्थिक क्रियाकलापबाट मात्र संभव छ भन्ने यथार्थतालाई हामीले बोध गर्न आवश्यक छ ।

ग) खुला बजार : बजारमुखी अर्थतन्त्र, खुला बजार र निजी क्षेत्रको सक्रियता आर्थिक प्रगतिका प्रमुख कारक तत्वहरु हुन् । यसको संरक्षण राज्यले गरेको हुनु पर्दछ । र यसका लागि संवैधानिक प्रत्याभूती आवश्यक हुन्छ ।

घ) बस्तु, सेवा तथा लगानीको सुरक्षा : अनुचित बन्द, हड्ताल जस्ता क्रियाकलापबाट उद्यमी तथा लगानीकर्ताले ठूलो क्षति व्यहोरिरहेका हुन्छन् । खुला बजारको अवधारणालाई अवलम्वन गर्नका निमित्त परिचालनको संरक्षण आर्थिक रुपमा स्वतन्त्र समाजको स्थापनार्थ आवश्यक अनिवार्य शर्त हो । यसतर्फ पनि संविधान निर्माताहरु सचेत हुन आवश्यक छ ।

ङ) भ्रष्टाचार मुक्त राज्य प्रशासन : निरंकुश शासन पद्दती, भ्रष्ट कर्मचारीतन्त्र र अस्पष्ट कानुनी प्रावधान भएमा स्वतन्त्र समाजको परिकल्पना निरर्थक हुन्छ । जहाँ भ्रष्टाचार मौलाउँछ त्यहाँ आर्थिक स्वतन्त्रता आर्थिक उदासिनतामा परिणत हुन्छ । यसर्थ, प्रशासनिक भ्रष्टाचार, सरकारी एकाधिकार जस्ता विषयको न्यूनिकरण र नियन्त्रणमा ध्यान दिन आवश्यक हुन्छ ।

च) आर्थिक अधिकारको संरक्षण : माथि उल्लेख गरिएका विषयहरुको अतिरिक्त आर्थिक रुपमा आत्म निर्भर समाज निर्माणका लागि आवश्यक पर्ने र एउटा व्यक्तिको नैसर्गिक अधिकारको रुपमा आउने सबै आर्थिक अधिकारहरुको कानूनी संरक्षण आर्थिक रुपमा स्वतन्त्र समाजको अर्को आधारभूत शर्त हो ।

## ३. आर्थिक अधिकारको स्वतन्त्रता

एउटा व्यक्तिलाई राज्यले किन आर्थिक अधिकारको स्वतन्त्रता प्रत्याभूती गर्ने ? यसका खास आधार र मान्यताहरु छन् । जसलाई निम्न बुँदाहरुमा प्रस्तुत गर्न सकिन्छ :

- एउटा मान्यता, राज्यले प्रत्येक नागरिकलाई आफू र आफ्नो परिवारको वारेमा के गर्दा राम्रो हुन्छ, आफैं निर्णय गर्ने स्वतन्त्रता प्रदान गर्नु पर्दछ भन्ने हो ।
- दोस्रो, स्वतन्त्र बजार नै श्रम, पूँजी तथा उत्पादित बस्तुहरुको वास्तविक मूल्य हो भन्ने मान्यतालाई राज्यले आत्मसाथ गर्नु पर्दछ ।
- तेस्रो, राज्यले व्यक्ति तथा व्यक्तिको निजी सम्पत्तिको संरक्षण गर्नु पर्छ र व्यक्तिहरुको श्रम, पूँजी र उत्पादनका बीच स्वस्थ प्रतिस्पर्धा हुन सक्ने वातावरण निर्माण गरिदिनु पर्दछ ।
- चौथो, आफ्ना नागरिकले गरेको लगानीको सम्पूर्ण रुपमा सुरक्षा हुन सके मात्र मुलुकको आर्थिक बृद्धि हुन सक्दछ भन्ने सत्यलाई आत्म साथ गर्नु पर्छ ।

संभवत यीनै वास्तविकताका आधारमा हुन सक्छ राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय कानूनहरुले समेत व्यक्तिका आर्थिक अधिकारको संरक्षणमा जोडदिएका छन् । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध यसको एउटा उदाहरण हो । जसले विभिन्न प्रकारका आर्थिक अधिकारहरुको संरक्षण गर्नुपर्ने दायित्व राज्यलाई सुम्पेको छ । जसअन्तर्गत सम्पत्तिको अधिकार, काम गर्न पाउने अधिकार, न्युनतम् जीवनस्तरको अधिकार, श्रमको अधिकार, संगठनमा सहभागी हुने वा संगठन खोल्न पाउने अधिकार जस्ता अधिकारहरुको सुनिश्चितता गरिएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले पनि विभिन्न प्रकारका आर्थिक तथा सामाजिक अधिकारहरुलाई मान्यता दिएको छ । जसअन्तर्गत सामाजिक सुरक्षाको

अधिकार, काम तथा रोजगारीको स्वतन्त्र छनौटको अधिकार, युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुन पाउने अधिकार जस्ता अधिकारहरु संरक्षित छन् ।

४. आर्थिक स्वतन्त्रताका पूर्वाधाररू

आधुनिक राज्य तथा संविधानका लागि आर्थिक अधिकारको स्वतन्त्रता अमूर्त विषय होइन । खास शर्तहरुको प्रत्याभूतीको आधारमा मात्र यस्तो स्वतन्त्रताको प्रत्याभूती हुन सक्छ । जसलाई हामी आर्थिक स्वतन्त्रताका अन्तरनिहित तत्व भन्न सक्दछौं । त्यस्ता अन्तरवस्तुहरु आधारभूत रुपमा निम्न हुन सक्दछन् : [३]

- वैयक्तिक छनोटको स्वतन्त्रता
- स्वैच्छिक विनिमयको स्वतन्त्रता
- स्वस्थ प्रतिस्पर्धाको स्वतन्त्रता
- निजी सम्पत्तिको संरक्षणको स्वतन्त्रता
- उद्योग, व्यापार तथा व्यवसायको स्वतन्त्रता
- लगानीको स्वतन्त्रता
- श्रम स्वतन्त्रता
- भ्रष्टाचार एवं सरकारी एकाधिकार विरुद्धको स्वतन्त्रता
- क्षतिपूर्ति प्रप्तिको स्वतन्त्रता आदि ।

आर्थिक स्वतन्त्रताका उल्लेखित अन्तरवस्तुहरु आर्थिक रुपमा आत्म निर्भर समाज निर्माणका लागि नभै नहुने आधारभूत कुराहरु हुन् । एउटा राज्यले यी स्वतन्त्रताहरुको संरक्षणबाट मात्र आर्थिक सफलता प्राप्त गर्न सक्छ । विश्वमा प्रचलित कतिपय संविधानहरुले आर्थिक स्वतन्त्रताका उल्लेखित अन्तरवस्तुहरुलाई पूर्णतः मान्यता र संरक्षण प्रदान गरेको पाइन्छ ।

Economic Freedom of the World र Index of Economic Freedom विश्वका कुन राष्ट्रमा के कति आर्थिक स्वतन्त्रता छ र त्यसबाट जनताको जीवनस्तरमा के कस्तो प्रभाव परेको छ भनी वार्षिक रूपमा सर्वेक्षण र मूल्याङ्कन गर्ने सूचकहरू हुन् । यी सूचकहरूमा उल्लेखित तथ्यलाई हेर्दा खुला बजारको अर्थनीति भएका मुलुकहरूमा नै आर्थिक बृद्धिदर उच्च भएको पाइन्छ । जहाँ नागरिकको आयदर बढी छ त्यहाँ मानिसको सरदर आयु पनि कम आय हुने मानिसको भन्दा बढी भएको पाईएको छ । मानिसको स्वस्थ रहेर बाँच्न पाउने आधारभूत अधिकारसँग पनि आर्थिक स्वतन्त्रताका सम्बन्ध रहेको यी अध्ययनहरुले देखाएका छन् । उदाहरणका लागि सन् १९९८ को दशकमा सबैभन्दा बढी आयस्रोत हुने धनी राष्ट्रका जनताहरूको आयु सबैभन्दा कम आयस्रोत हुने गरिब राष्ट्रका जनताहरूको आयुभन्दा करिब २० वर्ष बढी हुने गरेको तथ्य Economic Freedom of the World ले प्रकाशित गरेको छ । त्यसैगरी Index of Economic

[3] सन् २००४ को विश्वको आर्थिक स्वतन्त्रता सम्बन्धी बार्षिक प्रतिवेदनले वैयक्तिक छनौट (personal choice) स्वेच्छिक विनिमय (voluntary exchange), प्रतिस्पर्धा (competition) र व्यक्ति तथा सम्पत्तिको सुरक्षा (protection of persons and property) लाई आर्थिक स्वतन्त्रताका मुख्य चार शर्त मानेको छ ।

Freedom ले मानिसमा बढी खुसी र आत्मनिर्भर बनाउन बढी आर्थिक स्वतन्त्रताको आवश्यकता पर्ने तथ्य प्रकाशित गरेको छ। आर्थिक स्वतन्त्रताको अवधारणालाई संसारले गम्भिरता पूर्वक आत्मसाथ गर्दै अगाडि बढिरहेको परिप्रेक्ष्यमा नेपालले पनि यस सम्बन्धमा ठोस नीति अवलम्वन गर्नु आवश्यक छ । त्यसको एउटा अवसर संविधान निर्माण प्रक्रिया हो।

सरकारको स्वरूप, निजीक्षेत्रप्रति सरकारको धारणा, कानूनी संरचना, शिक्षा, प्राकृतिक स्रोत, अन्तराष्ट्रिय व्यापारिक सम्बन्ध, जनसंख्या इत्यादि आर्थिक स्वतन्त्रताका लागि प्रभाव पार्ने थप तत्वहरू हुन्। यस वारेमा पनि राज्य जिम्वेवार र संवेदनशील हुन आवश्यक छ ।

५. निजी क्षेत्र र आर्थिक अधिकारहरू

निजी क्षेत्र अर्थतन्त्रको मुख्य साझेदार हो। निजी क्षेत्रको सहयोग र सक्रियता विना आर्थिक रुपमा स्वतन्त्र समाजको निर्माण संभव छैन। निजी क्षेत्र वा सार्वजनिक-निजी क्षेत्रको साझेदारीमा मुलुकमा थुप्रै आर्थिक क्रियाकलापहरु संचालन भएका उदाहरण हाम्रा सामु छन् ।

निजी क्षेत्र विनाको आर्थिक संरचना संसारका कुनै पनि मुलुकमा संभव छैन। एकतन्त्रीय निरङ्कुश शासन पद्दती भएका देशहरू वा बन्द बजारको अवधारणा अवलम्वन गरेका देशहरूमा जहाँ निजी क्षेत्रलाई निरुत्साहीत र अवरोध गरिन्छ, त्यहाँ पनि निजी क्षेत्रको सहभागितालाई सिद्धान्ततः स्वीकार गरिएको हुन्छ।

निजी क्षेत्रका व्यापारिक संगठन र संरचनाका बारेमा विभिन्न प्रकारका कानूनी प्रावधानहरू प्रचलनमा छन्। राज्य अनुसार कानूनी प्रावधानमा विविधता भएतापनि सबैले निजी क्षेत्रलाई स्वतन्त्र निकायको रूपमा कानूनी मान्यता दिएको पाईन्छ।

संविधान निर्माणको प्रक्रियामा हाम्रो निजी क्षेत्रले पनि आफ्ना सरोकारहरु सयम समयमा सार्वजनिक गर्दै आएको छ। ती सरोकारहरु नयाँ संविधान निर्माणको प्रक्रियामा एक सहयोगी हुन सक्दछन्। उदाहरणका लागि निजी क्षेत्रले मुख्य रुपमा निम्न विषयलाई आफ्ना आधारभूत सरोकारको रुपमा अघि सार्ने गरेको छ :

- आर्थिक समुन्नतीको लागि वैदेशिक लगानी अपरिहार्य भएको वर्तमान सन्दर्भमा स्वदेशी मात्र होइन, वैदेशीक लगानीलाई प्रोत्साहन गर्नु जरुरी भएको।
- आर्थिक रुपमा राज्य समुन्नत भएमा मात्र राज्यले चाहेको लैंगिक समानता, जातीय छुवाछुत, शैक्षिक तथा स्वास्थ जस्ता हक तथा अधिकारको परिपूर्ति गर्न सक्ने भएकाले निजी क्षेत्रको लगानी संरक्षण हुने आवश्यक वातावरण हुनुपर्ने।
- आर्थिक र सामाजिक रुपान्तरणका लागि रोजगारीको प्रत्याभूति हुनुपर्ने त्यसको लागि आर्थिक क्रियाकलापको बृद्धि हुनुपर्ने।
- नेपाल विश्व व्यापार संगठन तथा अन्य क्षेत्रिय व्यापार संझौताको सदस्य भएपनि वैदेशिक लगानीले प्रोत्साहन नपाएको तथा निजी क्षेत्रको लगानीको कारण लाखौं रोजगारी सृजना तथा आर्थिक क्रियाकलापमा ठुलो लगानी भएको कारण अबका दिनमा आर्थिक अधिकारलाई समेत संविधानमै समावेश गर्नुपर्ने आवश्यकता रहेको।

- पूर्ण प्रतिस्पर्धा, उदार एवं बजारमुखी (Market Oriented Economic) विश्व अर्थतन्त्र, विश्वव्यापीकरण र स्वतन्त्र क्षेत्रिय व्यापार व्यवस्थाको सन्दर्भमा सामान्जस्य आर्थिक नीति अवलम्वन गर्नुपर्ने ।
- राष्ट्रिय उद्योग तथा वाणिज्य क्षेत्रको प्रवर्द्धन गर्न उपयुक्त नीतिको अवलम्वन गरी स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहित गर्नुपर्ने ।
- उद्योग धन्दा व्यापार निर्यात बृद्धि गरी लगानीको प्रवर्द्धन गर्ने नीतिको अनुशरण गर्नुपर्ने ।
- उद्योग व्यवसायको प्रवर्द्धनमा संलग्न उद्योग वाणिज्य संघ तथा संघ संस्थाहरुको भूमिका तथा प्रतिनिधित्वलाई अंगिकार गर्नुपर्ने ।
- सरकारी सहकारिता तथा निजी क्षेत्रको माध्यमबाट मुलुकको अर्थतन्त्रको विकास गर्ने नीति अवलम्वन गर्नुपर्ने ।
- राज्यका आर्थिक नीति तथा वित्तिय नीतिमा निश्चितता (सरकारको परिवर्तन भएपछि आर्थिक नीति तथा वित्तिय नीति मा परिवर्तन नहुने व्यवस्था) हुनुपर्ने ।
- औद्योगिक तथा व्यवसायिक सुविधा प्रदान गरिसकेपछि उक्त सुविधाको ग्यारेण्टीको प्रत्याभूति (उद्योग व्यवसायले प्राप्त गरेको सुविधा कुनै ऐन, नियममा परिवर्तन गरी कम गर्न नपाउने व्यवस्था) हुनुपर्ने ।
- कुनै पनि व्यक्तिलाई पेशा व्यवसाय गर्न सक्ने वा छोड्न सक्ने अधिकारको संविधानमा प्रत्याभूति हुनुपर्ने ।
- स्वदेशी नागरिकलाई अग्राधिकार दिई वैदेशिक पूँजी तथा प्रविधिलाई भित्रयाउने व्यवस्था मिलाउनु पर्ने ।
- व्यवसायिक विवादहरुको छिटो र छरितो कानूनी उपचारको व्यवस्था हुनुपर्ने ।
- दोहोरो कर नलाग्ने व्यवस्था हुनुपर्ने ।
- बन्द हड्ताल जस्ता कारणबाट उद्योग व्यवसायीलाई परेको नोक्सानीको क्षतिपूर्ति पाउने संवैधानिक व्यवस्था हुनुपर्ने ।
- राष्ट्रले व्यक्ति वा नागरिकको सम्पत्तिको राष्ट्रियकरण नगर्ने सुनिश्चितता हुनुपर्ने ।
- सबै नागरिकलाई प्रचलित कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनुपर्ने ।
- सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली निश्चित हुनुपर्ने ।
- देशमा उपलब्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था हुनुपर्ने ।

- नागरिकद्धारा आर्जन गरिने सम्पत्तिमा कुनै प्रकारको सीमा नतोकिने र सबै नागरिक सम्पत्ति आर्जन गर्न तथा खर्च गर्न स्वतन्त्र हुन पाउने प्रत्याभूति हुनुपर्ने ।

- श्रम शक्तिलाई निजी क्षेत्रको सक्रियतामा सीप, विकास तथा क्षमता अभिवृद्धिको माध्यमबाट पूँजीकृत गदै लगानी मैत्रीको औद्योगिक वातावरण सृजना गर्दै लैजाने नीति राज्यले अवलम्वन गर्नुपर्ने ।

- राज्यले श्रमिकहरुलाई ट्रेड युनियन खोल्न पाउने व्यवस्था गरेपनि राजनैतिक युनियनलाई अवैध गर्ने संवैधानिक व्यवस्था हुनुपर्ने ।

- औद्योगिक सुरक्षाको प्रत्याभूति सहित उद्योग व्यवसायको प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिताको सुनिश्चितता हुनुपर्ने ।

- श्रम शक्तिलाई क्रमश: रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरुको हक र हितको संरक्षण गर्दै रोजगारदाता अधिकारको सुनिश्चितता एवं सहभागिता बढाउने नीति अवलम्वन गर्नुपर्ने ।

- भौगोलिक क्षेत्रहरुको सन्तुलित विकास तथा सबै क्षेत्र तथा समुदायका जनताको शिक्षा, स्वास्थ, आवास र रोजगारीजस्ता आधारभूत कुराहरुको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति अवलम्वन गर्नुपर्ने ।

६. संवैधानिक अभ्यास र प्रत्याभूति

विश्वको तथ्याङ्क हेर्दा करीव २०० राष्ट्रहरुले लिखित संविधान अवलम्वन गरेका छन् । लिखित संविधान अवलम्वन गर्ने पहिलो राष्ट्र अमेरिका हो । सम्पत्तिको अधिकारलाई संविधानमा संरक्षण गर्ने पहिलो राष्ट्र पनि अमेरिका हो । यद्यपी सन् १७८७ मा निर्माण भएको अमेरिकी संविधानमा निर्माण हुँदाको समयमा नागरिकका आर्थिक अधिकारहरु प्रत्याभूती भएका थिएनन् । उक्त संविधानमा भएका पटकपटकका संशोधनहरुले मात्र यस्ता अधिकारहरुलाई मान्यता र संरक्षण प्रदान गर्दै आएका छन् । जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकारको संरक्षण अमेरिकी संविधानको मुख्य विशेषता हो । आर्थिक अधिकारको स्वतन्त्रतालाई संविधानको मौलिक हक अन्तर्गत प्रत्याभूत गर्ने विश्वका अन्य केही संविधानहरुको संक्षिप्त विवेचना निम्न वमोजिम गर्न सकिन्छ । [४]

<u>अफ्गानिस्तान:</u> सन् २००४ को अफ्गानिस्तानको संविधानले व्यक्तिका आर्थिक अधिकार अन्तर्गत सम्पत्तिको अधिकार (धारा ४०) र कामको अधिकार (धारा ४८) लाई मौलिकहकको रुपमा प्रत्याभूत गरेको छ ।

एक अर्को अत्यन्त महत्वपूर्ण अधिकारको रुपमा सरकारको कुनै कामकारवाहीबाट कुनै व्यक्तिले अनुचित रुपमा क्षति व्यहोर्नु परेमा त्यस्तो क्षति बापत सरकारबाट क्षतिपूर्ति दावी गर्न सक्ने मौलिकहक अफ्गानिस्तानको संविधानले प्रत्याभूत गरेको छ (धारा ५१) । हाम्रो मुलुकमा सरकारको उदासिनता, लापरवाही एवं कानून पालना गराउन नसकेका कारण व्यक्तिले आफ्नो श्रम शीपले आर्जन गरेको सम्पत्तिहरु नष्ट भैरहेको र उद्यमीहरुको लगानीको संरक्षण हुन नसकेको अवस्थामा क्षतिपूर्ति सम्बन्धी अधिकारले

---

[4] आर्थिक अधिकारका संवैधानिक प्रत्याभूतीको विस्तृत अध्ययनका लागि हेर्नुस : Dr. Bhimarjun Acharya, Fundamental Rights in the World Constitutions (2008), Pairavi Book House, Putalisadak, Kathmandu.

व्यक्ति र उसको सम्पत्तिको सुरक्षामा विशेष सतर्कता अवलम्वन गर्न राज्यलाई बाध्य बनाउन सकिन्छ ।

अल्वानिया: सन् १९९८ को अल्वानियाको संविधानले निजी सम्पत्तिको संरक्षणलाई मौलिकहकको रुपमा प्रत्याभूती गरेको छ (धारा ४२) । मौलिक हकको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र स्वतन्त्रता शीर्षक अन्तर्गत प्रत्येक व्यक्तिलाई आफूले रोजेको काम गर्ने र त्यसबाट आर्जन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । यो स्वतन्त्रता अन्तर्गत कुनै पनि व्यक्ति आफ्नो व्यवसाय स्वतन्त्र पूर्वक रोज्न, त्यस्तो व्यवसाय कुन स्थानमा र कसरी संचालन गर्ने त्यसको निर्धारण गर्न र त्यस्तो व्यवसायबाट कानून वमोजिम मुनाफा आर्जन स्वतन्त्र छ (धारा ४९) । साथै कामदार तथा श्रमिकहरुको रोजगारीको सामाजिक सुरक्षा एवं श्रम संगठनमा आवद्ध हुने स्वतन्त्रता समेत प्रत्याभूति गरिएको छ (धारा ५०) ।

अल्जेरिया: सन् १९९६ को अल्जेरियाको संविधानले अफ्गानिस्तानको संविधानमा जस्तै क्षतिपूर्तिको अधिकार प्रदान गरेको छ । न्यायको अपवहन (miscarriage of justice) भएको अवस्थामा त्यसको जवाफदेहिता राज्यले व्यहोर्नु पर्ने प्रवधान संविधानमा उल्लेख छ (धारा ४९) । साथै, व्यक्तिको निजी सम्पत्तिको स्वतन्त्रताको अधिकार, कामको अधिकार र ट्रेड यूनियनको अधिकार समेत संविधानले मौलिक हकको रुपमा प्रत्याभूती गरेको छ ।

एण्डोरा: सन् १९९३ को एण्डोराको संविधानले व्यवसायको स्वतन्त्रता र कामदारहरुले आफ्नो आर्थिक तथा सामाजिक हितहरु प्रतिरक्षा गर्न पाउने अधिकारको स्वतन्त्रतालाई मौलिक हक अन्तर्गत प्रत्याभूत गरेको छ (धारा १८ र १९) । मौलिक हक अन्तर्गत नै आर्थिक अधिकारको रुपमा निजी सम्पत्तिको अधिकार (धारा २७), कामको अधिकार (धारा २९) र प्राकृतिक श्रोत माथिको अधिकार (धारा ३१) प्रत्याभूत गरेको छ । संविधान मै उद्यमको हक (right to enterprise) प्रस्ट रुपमा प्रत्याभूती गर्नु यो संविधानको अर्को विशेषता हो (धारा २८) ।

केप भर्ड: सन् १९९२ को केप भर्डको संविधानले आर्थिक अधिकार अन्तर्गत प्रत्येक व्यक्ति तथा उद्यमीलाई निजी आर्थिक क्रियाकलाप (private economic initative) को अधिकारलाई मौलिक हकको रुपमा प्रदान गरेको छ (धारा ६५) । साथै निजी सम्पत्तिको हक र त्यसको संरक्षण समेत यो संविधानले आफ्नो नागरिकलाई प्रदान गरेको छ (धारा ६६) ।

कंगो: सन् १९९२ को कंगोको संविधानले आर्थिक अधिकार अन्तर्गत मुलत: चार ओटा अधिकारहरु- निजी सम्पत्तिको अधिकार (धारा ३०), श्रम तथा कामको अधिकार (धारा ३१), प्रत्येक व्यक्तिले आर्थिक क्षेत्रमा आफूले रोजेको उद्योग व्यवसाय संचालन गर्न पाउने उद्यमको अधिकार (धारा ३२) र आर्थिक विकासको अधिकार (धारा ५५) प्रदान गरेको छ ।

क्रोसिया: सन् २००१ को क्रोसियाको संविधानले स्वामित्वको अधिकारलाई मौलिक हकको रुपमा ग्रहण गर्दै उद्योग, व्यवसाय र स्वतन्त्र बजारलाई मुलुकको आर्थिक प्रणालीको मेरुदण्ड मानेको छ । बजार व्यबस्था वा अर्थतन्त्रमा सबै उद्यमीहरु समान हुने र उनीहरुले समान रुपमा अधिकारको उपभोग गर्न पाउने संविधानमा उल्लेख छ ( धारा १४९) । राज्यले आर्थिक विकासको अधिकारलाई उच्च प्राथमिकता दिने प्रावधान समेत संविधानले उल्लेख गरेको छ ।

चिली: सन् १९८० को चिलीको संविधानले कामको अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूती गरेको छ । जस अन्तर्गत व्यक्तिलाई स्वतन्त्र रुपमा आफ्नो काम वा रोजगार छनौट गर्न सक्ने र त्यसमा आवद्ध हुन सक्ने अधिकार प्रदान गरिएको छ । नैतिकता, सार्वजनिक सुरक्षा र सार्वजनिक स्वास्थ्यमा प्रतिकुलता नहुने गरी जस्तोसुकै आर्थिक गतिविधि संचालन गर्न सक्ने र त्यस्तो गतिविधि वा आर्थिक मामिलाहरुमा राज्यले समान व्यवहार गर्नु पर्ने अधिकारलाई आर्थिक अधिकारको रुपमा प्रत्याभूती गरिएको छ ।

पूर्वी टिमोर: सन् २००२ को पूर्वी टिमोरको संविधानले श्रमिक तथा व्यक्तिका अधिकार अन्तर्गत कामको अधिकार, ट्रेड यूनियनको अधिकार, निजी सम्पत्तिको अधिकार र उपभोक्ताका अधिकार प्रदान गर्दै उद्योग धन्दा विरुद्ध तालावन्दी गर्ने अधिकारलाई पूर्णत निषेध गरेको छ । संविधानको धारा ५१ ले यस सम्बन्धी व्यवस्था गरेको हो । यो व्यवस्था अनुसार कामदारहरुले आफ्ना सामुहिक अधिकारको संरक्षणका लागि हड्तालको अधिकार (right to strike) उपभोग गर्न सक्ने भए पनि तालाबन्दीको व्यवस्थालाई पूर्णत निषेध गरिएको छ ।

इष्टोनिया: सन् १९९२ को इष्टोनियाको संविधान आफ्ना नागरिकलाई आर्थिक अधिकार मौलिक हकको रुपमा प्रदान गर्ने अर्को मुलुक हो । यसले प्रत्येक व्यक्तिलाई अर्को कुनै व्यक्तिको गैरकानूनी कार्यद्धारा कुनै नैतिक तथा भौतिक क्षती पुग्न गएमा त्यस्तो क्षतिको दावी गर्न पाउने आधिकार प्रदान गरेको छ (धारा २५) ।

यो संविधानले व्यापारको स्वतन्त्रता अन्तर्गत प्रत्येक नागरिकलाई व्यापारिक गतिविधिमा संलग्न हुने र त्यसबाट मुनाफा आर्जन गर्न सक्ने स्वतन्त्रता प्रदान गरेको छ (धारा ३१) ।

इटाली: सन् १९४७ को इटालीको संविधानले आर्थिक सम्बन्ध (economic relations) को चर्चा गरेको छ । जसअन्तर्गत, संविधानले सबै प्रकारका श्रमको स्वतन्त्रता, काम अनुसारको ज्यालाको व्यवस्था, महिलाहरुको समान काम र ज्यालाको स्वतन्त्रता, ट्रेड यूनियन खोल्न पाउने स्वतन्त्रता जस्ता अधिकारहरु समावेश गरेको छ । आर्थिक क्षेत्र, उद्यमी तथा लगानी कर्तासँग प्रत्यक्ष सरोकार राख्ने विषय अन्तर्गत संविधानले निजी उद्यमको स्वतन्त्रता (धारा ४१) र सहकारी तथा हस्तकला विकासको स्वतन्त्रता (धारा ४५) को संरक्षण गरेको छ ।

केन्या: सामाजिक सुरक्षाको अभाव र कतिपय अवस्थामा राज्यकै प्रशासनिक संयन्त्रबाट प्रताडित भएका नेपालका उद्यमी तथा व्यावसायीहरुका लागि सन् २००५ को केन्याको संविधानले प्रत्याभूत गरेको सुरक्षाको हक (धारा ५६) र निश्पक्ष प्रशासनको अधिकार ( धारा ६५) अनुकरणीय हुनसक्दछ । यसतर्फ संविधान निर्माताहरुको ध्यान जान जरुरी छ ।

लिथुआनिया: सन् १९९२ को लिथुआनियाको संविधानले मुलुकको अर्थतन्त्र, निजी स्वामित्व तथा आर्थिक क्रियाकलाप सम्बन्धी वैयक्तिक स्वतन्त्रतामा आधारित हुने उल्लेख गरेको छ र सोही अनुरुप निजी सम्पत्ति र स्वामित्वको अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूती गरेको छ (धारा २३ र ४६) ।

मालवी: मालवी आर्थिक अधिकारलाई मौलिक हकको रुपमा प्रदान गर्ने अर्को मुलुक हो । सन् १९९४ मा अवलम्वन गरिएको मालवीको संविधानले प्रष्टरुपमा सम्पत्ति आर्जन गर्ने अधिकार (धारा २८), स्वतन्त्र रुपमा आर्थिक क्रियाकलाप तथा रोजगारीमा संलग्न हुने अधिकार (धारा ३०) जस्ता अधिकारहरु प्रदान गरेको छ ।

माली: उद्यमको स्वतन्त्रता मौलिक हकको रुपमा प्रदान गर्ने अर्को राष्ट्र माली हो । सन् १९९२ को संविधान अन्तर्गत मालीले कानूनको परिधिमा रही उद्यमको स्वतन्त्रता उपभोग गर्न सक्ने अधिकार प्रदान गरेको छ ।

ओसिनिया: आर्थिक तथा निजी क्षेत्रको आर्थिक अधिकारको प्रत्याभूति ओसिनियाको संविधानको एक उल्लेख्य पक्ष हो । विश्वमा प्रचलित संविधान तथा कानूनी मान्यताहरुको विपरित सन् १९९४ को ओसिनियाको संविधानले निजी क्षेत्र (Pritate entity) लाई राज्यका हरेक अंग र निकाय भन्दा सर्वोच्च स्थानमा राखेको छ । सरकारका एजेन्सीहरु भन्दा private entities ले धेरै राम्रो काम गर्न सक्छन् भन्ने विश्वासलाई संविधान मै लिपीवद्ध गरेको छ । ओसोनियाको संविधानमा भनिएको छ:

"We believe that private Entities would do a better job than Government agencies. Oceanians have the Right to use unlicensed professionals as they see fit."

आर्थिक अधिकार अन्तर्गत सम्पत्तिको अधिकारको संरक्षणमा यो संविधानले विशेष जोड दिएको छ । संविधानले प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने र त्यस्तो सम्पत्ति कुनै शक्ति (Force) र जालझेल (Fraud) द्वारा जफत वा अतिक्रमण गर्न नसकिने व्यवस्थाको प्रत्याभूति गरेको छ । संविधानले व्यक्तिको शरीर र उसको श्रमको प्रतिफललाई सबै भन्दा ठूलो सम्पत्ति मानेको छ । जस अनुरुप एउटा ओसिनियालीले आफ्नो शरीर विक्री वा भाडामा अर्को पक्षलाई हस्तान्तरण गर्न सक्दछ् ।

"An Oceanian has the right to own property and to not have his property taken from him by Force or Fraud. A Person's body and the fruits of his labor are his property. No one may claim another's work as his own by taxation, civil forfeiture, eminent domain, or other forms of theft. An Oceanian may sell or rent parts of his body. This includes becoming a surrogate mother, prostitute, or subject of medical experiments. In the absence of an explicit will, it will be assumed that the deceased does not wish to sell or give away his body parts."

व्यापार व्यवसाय संचालन गर्ने स्वतन्त्रता अन्तर्गत संविधानले प्रत्येक नागरिकलाई मुनाफाका लागि आफूले चाहेको व्यापार व्यवसाय संचालन गर्न सक्ने स्वतन्त्रता प्रदान गरेको छ ।

"An Oceanian has the right to run a business, for profit or not for profit, and for any purpose. The Government may not grant or take away Licenses for the Right to Own and Operate a Business. A Business may hire and fire employees without explanation. It may permanently fire an entire union. It may refuse to rehire former union employees"

निजी क्षेत्र तथा नागरिकले सरकारको विना कुनै हस्तक्षेप बस्तु वा सेवा संचालनका लागि स्वतन्त्र पूर्वक आफूले चाहेको पक्षसँग सम्झौताहरु सम्पन्न गर्न सक्ने अधिकार संविधानले प्रत्याभूत गरेको छ । स्वतन्त्र enterprise को अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई सरकारको हस्तक्षेप विना कुनै वस्तु वा उत्पादन विक्री गर्न स्वतन्त्रता रहने संविधानले उल्लेख गरेको छ ।

स्वतन्त्र व्यापार (free trade) को अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई सरकारको हस्तक्षेप विना बस्तु वा उत्पादनहरुको आयात र निर्यात गर्ने स्वतन्त्रता प्रदान गरिएको छ ।

“An Oceanian has the right to import and export without Government interference. This means that it is illegal for the Government to put tariffs, quotas, or taxes on imported goods. If another country puts such tariffs, quotas, taxes, or other restrictions on Oceania's exports, the Government of Oceania may not retaliate in any way. Oceania will set an example for the rest of the world by showing what "free trade" really means.”

पारुग्वे: सन् १९९२ को पारुग्वेको संविधानले पारिवारिक सम्पत्तिको संरक्षण गरेको छ । र यस्तो सम्पत्तिलाई सामाजिक हितको संस्था भनी नामाकरण गरेको छ (धारा ५९) । त्यसैगरी आर्थिक अधिकारको शीर्षक अन्तर्गत प्रतिस्पर्धाको स्वतन्त्रतालाई उच्च स्थान दिइएको छ (धारा १०६) । प्रतिस्पर्धाको स्वतन्त्रतालाई असर पुऱ्याउने कुनै प्रकारका एकाधिकार तथा कृत्रिम मूल्य निर्धारण जस्ता कार्यलाई संविधानत: निषेधित कार्य भनिएको छ ।

स्थानीय रुपमा निर्माण वा उत्पादन भएका वस्तुहरु एवं विदेशबाट आयात गरिएका वस्तुहरु राज्य भित्र स्वतन्त्र रुपमा वितरण हुन पाउने अवस्थालाई समेत संविधानले समेटेको देखिन्छ ।

राज्यले सहकारी enterprise हरु लाई प्रोत्साहन दिनु पर्ने संविधानले उल्लेख गरेको छ ।

सुरैनेम: सन् १९८७ को सुरैनेमको संविधानले रोजगारदाताका अधिकार (Rights of Employer) लाई मौलिक हक अन्तर्गत प्रत्याभूत गरेको छ । जस अन्तर्गत रोजगारदाता वा उद्‌मीले आफ्नो सँस्थाको हित र सरोकारको प्रतिरक्षा गर्न पाउने अधिकार समावेश गरिएको छ ।

## ७. नेपालको संवैधानिक विकासमा आर्थिक अधिकार

नेपाल सरकार वैधानिक कानून २००४:वि.सं. २००४ माघ १३ गते श्री ३ पद्म सम्शेरद्धारा घोषणा गरिएको नेपाल सरकार वैधानिक कानून नेपालको पहिलो लिखित संविधान हो । जम्मा ६ परिच्छेद, ६८ धारा र १ अनुसूचि रहेको वैधानिक कानून सम्वत् २००५ साल बैशाख १ गतेदेखि जारी हुने तर स्थानीय परिस्थिति वा अरु कारणबाट विधानका सबै दफाहरु एकै पटक सबै ठाउँमा लागू हुन श्री ३ महाराजबाट सम्भव नदेखेमा जुन-जुन दफा जुन-जुन ठाउँमा लागू हुन सक्छ सोही वमोजिम गर्न/गराउन सकिने प्रावधान संविधानमा उल्लेख थियो (धारा २) । संविधानले परिच्छेद २ अन्तर्गत केही मौलिक हकहरुको समेत व्यवस्था गरेको थियो । त्यस्ता मौलिक हकमा वैयक्तिक स्वतन्त्रताको अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, प्रकाशन स्वतन्त्रताको अधिकार, सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रता, धर्मको अभ्यास गर्न पाउने स्वतन्त्रता, समानताको अधिकार, सुलभ न्यायको हक, नि:शुल्क प्रारम्भिक शिक्षाको हक आदि प्रमुख थिए ।

आर्थिक अधिकार अन्तर्गत संविधानको धारा ४ मा लोकनीति र सदाचारका सिद्धान्तहरुको वर्खिलाफ नहुनेगरी व्यक्तिगत सम्पत्ति संरक्षणको अधिकार रहने उल्लेख थियो ।

<u>नेपालको अन्तरिम शासन विधान २००७ :</u> संविधानसभाका माध्यमद्धारा अर्को संविधान बनी प्रारम्भ नभएसम्म राज्यको शासन कुनै निश्चित विधान, नियम र सिद्धान्तवमोजिम गर्नुपर्ने आवश्यकता भएको भन्ने आधारमा राजा त्रिभुवनद्धारा वि.सं. २००७ सालमा जारी गरिएको नेपालको अन्तरिम शासन विधान नेपालको दोस्रो लिखित संविधान हो । जम्मा ७ भाग, ४७ धाराहरु रहेको अन्तरिम विधानले नागरिकका मौलिक हकलाई राज्यका निर्देशक सिद्धान्तहरु अन्तर्गत प्रत्याभूत गरेको थियो । त्यस्ता हकहरु अन्तर्गत विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, सङ्घ-संस्था खोल्न पाउने स्वतन्त्रता, राज्यभित्र स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने स्वतन्त्रता, वसोवासको स्वतन्त्रता आदि थिए ।

आर्थिक अधिकार अन्तर्गत संविधानले नागरिकले सम्पत्ति आर्जन गर्न, भोग गर्न र बेचबिखन गर्न सक्ने अधिकार मौलिक हकको रुपमा प्रत्याभूत गरेको थियो (धारा १६(च)) साथै कुनै पेशा चलाउने तथा रोजगार, उद्योग एवं व्यापार गर्ने स्वतन्त्रता समेत संविधानले प्रत्याभूत गरेको थियो । विधानको संशोधन पश्चात आर्थिक अधिकार सम्बन्धी यी स्वतन्त्रताहरुलाई धारा १७(च)र(छ) मा व्यवस्थित गरिएको थियो ।

<u>नेपाल अधिराज्यको संविधान २०१५:</u> अघिल्ला दुई संविधानका तुलनामा बढी उदार र लोकतान्त्रिक भनिएको वि.सं. २०१५ सालमा जारी गरिएको नेपाल अधिराज्यको संविधान नेपालको तेस्रो लिखित संविधान हो । यस संविधानको प्रस्तावनामा सार्वभौमसत्ता सम्पन्न नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्न बाञ्छनीय भएकोले हाम्रा महान् तथा आदरणिय पूर्वजहरुका पालादेखिनै चलिआएको हाम्रा मुलुकको परम्परा र प्रथाअनुसार हामीमा नै निहित रहेको यस नेपाल अधिराज्यको राजकिय सत्ता र अन्तर्निहित शाही विशेषाधिकार प्रयोग गरिवक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान नामक यो मूल कानून बनाई जारी गरिबक्सेका छौं भन्ने उल्लेख थियो ।

संविधानले नागरिकहरुका लागि ९ ओटा महत्वपूर्ण मौलिक हकहरु प्रत्याभूत गरेको थियो । ती हकहरुमा वैयक्तिक स्वतन्त्रताको हक, समानताको हक, धर्म अवलम्वन् र अभ्यास गर्न पाउने हक, राजनीतिक स्वतन्त्रताको हक, सार्वजनिक हितको रक्षाको हक र संवैधानिक उपचारको हक पर्दथे ।

आर्थिक अधिकार अन्तर्गत कानून बमोजिम बाहेक कुनै व्यक्तिको सम्पत्ति अपहरण नहुने र प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, ग्रहण गर्ने र बेचबिखन गर्ने अधिकार (धारा ६) रहने उल्लेख थियो ।

<u>नेपालको संविधान २०१९:</u> राजनीतिक खिचातानी र स्वार्थ समूहहरुको अन्तर्द्वन्द्वका कारण नेपाल अधिराज्यको संविधान, २०१५ पनि लामो समयसम्म जीवित रहन सकेन । दलविहीन पञ्चायती व्यवस्था लागू गर्न जारी गरिएको २०१९ को नेपालको संविधानको प्रारम्भसँगै २०१५ सालको संविधानको अन्त्य भयो । नेपालको संवैधानिक इतिहासमा सबैभन्दा बढी समय लागू रहेको संविधान नेपालको संविधान २०१९ हो । नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि विकेन्द्रिकरणको सिद्धान्त अँगाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्धारा मात्र सम्भव छ भन्ने राजा महेन्द्रको विश्वासअनुसार २०१९ सालको संविधान जारी गरिएको थियो । संविधानमा नागरिकका मूल कर्तब्य र हकहरु समावेश गरिएका थिए ।

समानताको हक, स्वतन्त्रताको हक, देशनिकाला विरुद्धको हक, शोषण विरुद्धको हक, धर्मसम्बन्धी हक, सम्पत्तिको हक र संवैधानिक उपचारको हक संविधानद्धारा प्रदत्त मौलिक हकहरु थिए । संविधानअन्तर्गत केही महत्वपूर्ण मौलिक हकहरु प्रत्याभूति गरिएको भए पनि सार्वजनिक हितका निमित्त सबै मौलिक हकहरुको प्रयोगमा बन्देज लगाउन सकिने भन्ने धारा १७ को व्यवस्था मौलिकहकसम्बन्धी सिद्धान्त विपरित रहेको देखिन्छ ।

कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण नहुने प्रत्याभूति संविधानले गरेको थियो । (धारा १५)

<u>नेपाल अधिराज्यको संविधान २०४७:</u> वि.सं. २०४६ सालको जनआन्दोलनको परिणामस्वरुप जारी गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको पाँचौ लिखित संविधान हो । संविधानवादका आधारभूत तत्वहरु जस्तै विधिको शासन, स्वतन्त्र न्यायपालिका, वालिग मताधिकार, बहुदलीय प्रजातन्त्र, मौलिक हकको प्रत्याभूति आदिलाई संविधानले संविधानको आधारभूत संरचना मानेको थियो । संविधानले पहिलो पटक अभिव्यक्त रुपमै सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने उल्लेख गरेको थियो । यस संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूचि समावेश गरिएको थियो ।

समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिकासम्बन्धी हक, फौजदारी न्यायसम्बन्धी हक, शिक्षासम्बन्धी हक, धर्मसम्बन्धी हक, उपचारको हक जनताका मौलिक हकको रुपमा संरक्षित थिए ।

आर्थिक अधिकार अन्तर्गत संविधानले कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेको थियो । (धारा १२(२)(ङ) । संविधानले सबै नागरिकलाई प्रचलित कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक प्रदान गरेको थियो । ( धारा १७ ) ।

सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्न नपाउने र सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सृजना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्धारा निर्धारित गरिएबमोजिम हुने व्यवस्था संविधानले गरेको थियो ।

<u>नेपालको अन्तरिम संविधान २०६३:</u> वि.सं. २०६२/०६३ सालको जनआन्दोलनको परिणामस्वरुप सङ्क्रमणकालको व्यवस्थापनका लागि तत्कालिन प्रतिनिधिसभाको बैठकद्धारा पारित र अन्तरिम व्यवस्थापिका संसदद्धारा अनुमोदित नेपालको अन्तरिम संविधान २०६३ नेपालको छैटौं लिखत संविधान हो ।

संविधानवादका आधारभूत मान्यता र संविधानको न्यूनतम ढाँचासँग कतिपय अवस्थामा मेल नखाने अन्तरिम संविधानले आर्थिक अधिकार अन्तर्गत कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेको छ । (धारा १२(च) । संविधानले कानूनमा व्यवस्था भएबमोजिम सबै नागरिकलाई रोजगारिको हक हुने (धारा १८(१), महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असाहय नागरिकलाई सामाजिक सुरक्षाको हक हुने र प्रत्येक नागरिकलाई खाद्यसंप्रभुताको हक हुने व्यवस्था गरेको छ ।

प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक समेत संविधानले प्रदान गरेको छ। (धारा १९)।

## ८. निश्कर्ष

माथि विवेचना गरिएका सन्दर्भ तथा संवैधानिक अभ्यासहरुले कम्तिमा देहायका अधिकारलाई व्यक्ति तथा निजी क्षेत्रका मुख्य आर्थिक अधिकारको रुपमा मान्यता दिएको देखिन्छ। यी अधिकारहरुको संवैधानिक संरक्षण आजको आवश्यकता हो।

- निजी सम्पत्ति आर्जन गर्न र त्यसको सुरक्षा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता,
- आर्थिक क्रियाकलापको अधिकारको स्वतन्त्रता,
- उद्यमको अधिकारको स्वतन्त्रता,
- सरकार वा कुनै व्यक्तिको अनुचित कार्यबाट कसैको कुनै प्रकारको भौतिक क्षति हुन गएमा त्यस्तो क्षति वापत् क्षतिपूर्ति पाउने अधिकारको स्वतन्त्रता,
- निश्पक्ष प्रशासनिक सेवा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता,
- व्यापार व्यवसाय खोल्ने सञ्चालन गर्ने, यसबाट मुनाफा प्राप्त गर्ने र बन्द गर्न पाउने अधिकारको स्वतन्त्रता,,
- स्वतन्त्र तथा निश्पक्ष प्रतिस्पर्धाको अधिकार,
- संझौता गर्ने अधिकारको स्वतन्त्रता,
- सरकारको एकाधिकार विरुद्धको अधिकार,
- वस्तु तथा उत्पादनको खुल्ला परिचालनको स्वतन्त्रता,
- लगानी तथा व्यावसायिक सुरक्षाको व्यवस्था,
- दोहोरो कर विरुद्धको अधिकारको स्वतन्त्रता,
- श्रमिक तथा कामदारले न्यायोचित ज्याला तथा सुविधा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता,
- उद्यमी/लगानीकर्ता/रोजगारदाता र कामदार/श्रमिक बीचको अन्तर सम्बन्धको संवैधानिक प्रत्याभूतीको अधिकार,

अत: आर्थिक रुपमा आत्मनिर्भर समाज स्थापनाका लागि मुलत: व्यापार–व्यवसायको स्वतन्त्रता र त्यसको सुरक्षाको प्रत्याभूति, लगानीको स्वतन्त्रता र त्यसको सुरक्षाको प्रत्याभूति, सम्पत्तिको आर्जन, उपभोग, बेचबिखन तथा अन्य कारोबार गर्ने स्वतन्त्रता र त्यसको सुरक्षाको प्रत्याभूति, प्रतिस्पर्धाको स्वतन्त्रता र त्यसको सुरक्षाको व्यवस्था, आर्थिक क्रियाकलापको स्वतन्त्रता र त्यसको सुरक्षाको व्यवस्था, खुला उद्यमको स्वतन्त्रता र त्यसको सुरक्षाको प्रत्याभूति, सरकार वा कुनै व्यक्तिको कार्यबाट कसैलाई कुनै प्रकारको भौतिक क्षति हुन गएमा त्यस्तो क्षति वापत् क्षतिपूर्ति पाउने स्वतन्त्रताको अधिकार, निश्पक्ष प्रशासनिक सेवा प्राप्त गर्ने अधिकारको स्वतन्त्रता, व्यापार व्यवसाय

खोल्ने, सञ्चालन गर्ने, मुनाफा प्राप्त गर्ने र त्यस्तो व्यवसाय बन्द गर्न पाउने अधिकारको स्वतन्त्रता, संझौता गर्ने अधिकारको स्वतन्त्रता, सरकारको एकाधिकार विरुद्धको अधिकार, वस्तु तथा उत्पादनको खुला परिचालनको अधिकारको स्वतन्त्रता, दोहोरो कर विरुद्धको अधिकार र उद्यमी/लगानीकर्ता/रोजगारदाता र कामदार/श्रमिक बीचको अन्तर सम्बन्धको संवैधानिक प्रत्याभूतीको अधिकार जस्ता विषयलाई नयाँ संविधानमा मौलिकहकको रुपमा प्रत्याभूती गर्न अनिवार्य छ ।